# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २८ | बुटवल | २०८२ माघ ०८ गते,बिहीबार | नेपाल संवत ११४६ | Thursday January 22, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## प्रतिनिधिसभा निर्वाचन : पाँच उम्मेदवारविरुद्ध उजुरी

बुटवल । प्रतिनिधिसभा सदस्य निर्वाचनका निम्ति उम्मेदवारी दिएका पाँच उमेदवारविरुद्ध उजुरी परेको छ । निर्वाचन आयोगका अनुसार, भक्तपुर, सुनसरी, रौतहट, कैलालीबाट उमेदवारी दिएका उम्मेदवारविरुद्ध उजुरी परेको छ ।

भक्तपुर निर्वाचन क्षेत्र नम्बर २ मा दुईजना, सुनसरी निर्वाचन क्षेत्र नम्बर २ मा एकजना, रौतहट निर्वाचन क्षेत्र नम्बर १ मा एकजना र कैलाली निर्वाचन क्षेत्र नम्बर १ मा एकजना उम्मेदवारविरुद्ध उजुरी परेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका निम्ति माघ ६ गते सबै निर्वाचन क्षेत्रमा कुल तीन हजार ४८७ उम्मेदवारको मनोनयन पत्र दर्ता भएको थियो ।

आयोगले तालिकाअनुसार मंगलबार (माघ ६) देशैभर उम्मेदवारको मनोनयन पत्र दर्ता भएको थियो । मनोनयन पत्र दर्ता गरेका उम्मेदवारहरू उपर बुधबार (माघ ७) बिहान १० देखि दिउँसो ३ बजेसम्म दाबीविरोध पेस गर्ने समय तोकिएको थियो ।

'मिति २०८२ माघ ७ गते बिहान १० बजेदेखि दिनको ३ बजेसम्म दाबीविरोध पेस गर्ने कार्यक्रम रहेकोमा सो अवधिमा भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा दुईजना, सुनसरी जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा एकजना, रौतहट जिल्ला निर्वाचन क्षेत्र नम्बर १ मा एकजना र कैलाली जिल्ला निर्वाचन क्षेत्र नम्बर १ मा एकजना उमेवारविरुद्ध उजुरी परेको जानकारी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त भएको छ ।'-आयोगले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## एमालेमा ५४ प्रतिशत नयाँ अनुहार

बुटवल । नेकपा एमालेले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा ५४ प्रतिशत नयाँ अनुहारलाई उम्मेदवार बनाएको छ । एमाले प्रचार विभाग प्रमुख मिनबहादुर शाहीका अनुसार, १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको एमालेले नयाँ अनुहार र अनुभवी पुस्तालाई मिलाएर अघि सार्दा पार्टी पंक्तिमा उत्साह आएको छ ।

उनका अनुसार, मधेस र सुदूरपश्चिममा ५०.५० प्रतिशत र कोशीमा ५३.५७ प्रतिशत उम्मेदवार समेटिएका छन् । सबैभन्दा धेरै नयाँ उम्मेदवार कर्णाली प्रदेशमा ७५ प्रतिशत र कम लुम्बिनीमा ४२.३० प्रतिशत रहेको छ ।

बागमती र गण्डकीमा यो संख्या क्रमशः ६०.६० प्रतिशत र ६१.११ प्रतिशत रहेको पनि उनले जानकारी दिए । एमालेले प्रत्यक्षतर्फ थोरै महिलालाई मात्रै उम्मेदवार बनाएको छ ।

महिलाको प्रतिनिधित्व भने एमालेमा कमजोर देखिएको छ । एमालेले बर्दिया-२ बाट विमला विकलाई उम्मेदवार बनाएको छ । तनहुँ-१ बाट भगवती न्यौपाने, बागलुङ-२ बाट मञ्जु शर्मा चालिसे, धनुषा-३ बाट जुली महतो, बारा-३ बाट ज्वालाकुमारी साह, पर्सा- रिमाकुमारी यादव, सुनसरी-३ बाट भगवती चौधरी, सोलखुम्बुबाट कल्पना राई, ओखलढुंगाबाट अस्मिता थापा उम्मेदवार बनेका छन् ।

## को–को पत्रकार चुनावी मैदानमा ?

बुटवल । आसन्न प्रतिधिसभा सदस्य निर्वाचनका लागि दर्जन बढी पत्रकार चुनावी मैदानमा उत्रिएका छन् । पत्रकारिताको पृष्ठभूमिबाट राजनीतिमा प्रत्यक्ष सहभागिता यसअघि पनि हुँदै आएकामा त्यो क्रममा अझ बढोत्तरी आएको छ ।

प्राप्त जानकारीअनुसार पत्रकार एवं निवर्तमान सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले राष्ट्रिय स्वतन्त्र पार्टीबाट ललितपुर-२ मा उम्मेदवारी मनोनयन दर्ता गराएका छन् भने चर्चित टेलिभिजन प्रस्तोता ऋषि धमला आमजनता पार्टीबाट रौतहट-४ मा उम्मेदवार बनेका छन् ।

नेपाली कांग्रेसका तर्फबाट भक्तपुर-२ मा पत्रकार कविर राणा र रास्वपाबाट राजीव खत्री, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट जुम्ला-१ बाट मनऋषि धिताल, नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट हुम्लामा दीपेन्द्र रोकाय र सोही पार्टीको काठमाडौं क्षेत्र १० बाट रुपा महर्जन, दोलखा निर्वाचन क्षेत्र नं. १ बाट अजयबाबु सिवाकोटी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट काठमाडौं-६ मा उद्धवराज भेटवाल र झापा-२ मा राप्रपाका तर्फबाट स्वागत नेपालले उम्मेदवारी दिएका छन् ।

पूर्वपत्रकार नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट सूर्यबहादुर थापा क्षेत्री प्यूठानबाट उम्मेदवार बनेका छन् । पत्रकारिता पृष्ठभूमिका रास्वपाका सभापति रवि लामिछाने, सोही पार्टीका दीपक बोहरा, सोविता गौतम र निशा डाँगी पनि उम्मेदवार बनेका छन् । लामिछाने, गौतम र डाँगी यसअघिको निर्वाचनमा प्रतिनिधिसभामा विजयी भएका थिए ।

## जीप दुर्घटनामा एक जनाको मृत्यु

गुल्मी । गुल्मी जिल्लाको रूरू गाउँपालिका-१ खोल्टेपानीस्थित मदन भण्डारी सडक (रिडी-खर्ज्याङ) खण्डमा जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन् ।

बुधबार दिउँसो पाल्पाको जोगिथुमबाट रिडी घाटतर्फ मलामी लिएर आउँदै गरेको लु १ च ६९८५ नम्बरको जीप सडकबाट करिब १० मिटर तल खसेर दुर्घटना भएको हो ।

घाइतेहरूलाई उद्धार गरी उपचारका लागि रूरू प्राथमिक स्वास्थ्य केन्द्र रिडीमा पठाइएकोमा पाल्पा रिब्दिकोट गाउँपालिका-१ का २६ वर्षीय टिकाराम कुमाललाई चिकित्सकले मृत घोषणा गरेको गुल्मीका प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले जानकारी दिए । सारुका अनुसार उनको टाउकोमा गम्भीर चोट लागेको थियो ।

अन्य घाइतेहरूको अवस्था मध्यम रहेको र उनीहरूको उपचार भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### लुम्बिनीमा प्रतिनिधिसभा निर्वाचन :

# ५६ मात्रै महिला उम्मेदवार, सहभागिता बढे पनि प्रतिनिधित्व अझै कमजोर

**कुल ५९९ जना उम्मेदवारले मनोनयन दर्ता गराउँदा महिलाको संख्या जम्मा ५६ जनामा सीमित छ । यो संख्या कुल उम्मेदवारको करिब ९ प्रतिशत मात्र हो ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रदेशमा आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महिलाको सहभागिता तथ्याङ्कीय रूपमा अझै कमजोर देखिएको छ । प्रदेश निर्वाचन कार्यालय दाङका अनुसार प्रदेशका १२ जिल्लामा कुल ५९९ जना उम्मेदवारले मनोनयन दर्ता गराउँदा महिलाको संख्या जम्मा ५६ जनामा सीमित छ । यो संख्या कुल उम्मेदवारको करिब ९ प्रतिशत मात्र हो, जसले राजनीतिक प्रतिस्पर्धामा महिलाको उपस्थिति अझै चुनौतीपूर्ण अवस्थामा रहेको संकेत गर्छ ।

प्रदेशमा महिला उम्मेदवारको संख्याका हिसाबले रुपन्देही जिल्ला अग्रस्थानमा छ ।

यहाँ २१ जना महिलाले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएका छन् । व्यापार, शिक्षा, राजनीति र सामाजिक क्षेत्रमा सक्रिय महिलाहरूको बाक्लो उपस्थिति रहेको यस जिल्लामा महिला उम्मेदवारको संख्या अन्य जिल्लाको तुलनामा उल्लेख्य देखिएको हो ।

तर, यही प्रदेशकै रोल्पा जिल्लामा भने एक जना पनि महिला उम्मेदवार नदेखिनु चिन्ताको विषय बनेको छ । यसले भौगोलिक तथा सामाजिक संरचनाले महिलाको राजनीतिक पहुँचमा कस्तो प्रभाव पारिरहेको छ भन्ने प्रश्न पनि उठाएको छ ।

अन्य जिल्लाहरूमा दाङ, बाँके, बर्दिया, गुल्मी र नवलपरासी पश्चिममा पाँच-पाँच जना महिलाले उम्मेदवारी दर्ता गराएका छन् ।

कपिलवस्तुमा चार जना महिला उम्मेदवार रहेका छन् भने पाल्पा र रुकुम पूर्वमा दुई-दुई जना महिलाले प्रतिनिधिसभा सदस्य बन्ने आकांक्षा राख्दै मनोनयन दर्ता गराएका छन् ।

त्यस्तै अर्घाखाँची र प्यूठानमा एक-एक जना महिला उम्मेदवार रहेका छन् । यी तथ्याङ्कले लुम्बिनी प्रदेशका अधिकांश जिल्लामा महिलाको सहभागिता न्यून भए पनि पूर्णरूपमा शून्य नभएको संकेत गर्छ ।

राजनीतिक दलहरूको भूमिकालाई हेर्दा ठूला दलबाट महिलाको उम्मेदवारी अपेक्षाकृत कम देखिएको छ । प्रदेश निर्वाचन कार्यालयका अनुसार कुल ५९९ उम्मेदवारमध्ये ३९४ जना विभिन्न राजनीतिक दलका तर्फबाट र २०५ जना स्वतन्त्र उम्मेदवारका रूपमा मैदानमा उत्रिएका छन् । महिलाको उल्लेख्य उपस्थिति भने साना दल र स्वतन्त्र उम्मेदवारमार्फत् देखिएको छ ।

यसले ठूला दलहरूमा अझै पनि नेतृत्व तहमा महिलालाई अवसर दिन हिचकिचाहट रहेको विश्लेषकहरूको भनाइ छ ।

महिला अधिकारकर्मीहरूका अनुसार संविधान र कानुनले समान सहभागिताको ग्यारेन्टी गरे पनि व्यवहारमा त्यसको कार्यान्वयन कमजोर छ ।

उम्मेदवारी चयन प्रक्रियामा आर्थिक स्रोत, संगठनभित्रको पहुँच र निर्णय तहमा पुरुष वर्चस्वले महिलालाई पछाडि पारेको उनीहरूको बुझाइ छ ।

यद्यपि, सीमित संख्यामा भए पनि महिलाहरूले उम्मेदवारी दिनु आफैंमा सकारात्मक संकेत भएको उनीहरू बताउँछन् ।

आगामी निर्वाचनले लुम्बिनी प्रदेशमा महिलाको राजनीतिक भविष्य कता मोडिन्छ भन्ने चासो बढाएको छ ।

उम्मेदवारीको संख्या कम भए पनि जित हासिल गर्ने महिलाको संख्या कति हुन्छ भन्ने प्रश्न अहिले नै चर्चामा छ । राजनीतिक दल, मतदाता र राज्य संयन्त्र सबैले महिलाको सहभागितालाई गम्भीरतापूर्वक लिने हो भने आगामी दिनमा लुम्बिनी प्रदेशको राजनीतिक चित्रमा महिलाको भूमिका अझ मजबुत बन्न सक्ने अपेक्षा गरिएको छ ।

## लुम्बिनी प्रादेशिक अस्पतालमा स्वास्थ्य बिमा बन्द हुँदै !



**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रदेशकै ठूलो सरकारी अस्पताल बुटवलको लुम्बिनी प्रादेशिक अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम बन्द हुने अवस्थामा पुगेको छ । अस्पतालले वर्षौंदेखि बिमा प्राधिकरणबाट प्राप्त गर्नुपर्ने भुक्तानी नपाएपछि सेवा बन्द गर्नुपर्ने अवस्थामा पुगेको हो ।

अस्पतालले स्वास्थ्य बिमा बोर्ड बबरमहल काठमाडौंलाई पत्राचार गर्दै बिमा कार्यक्रम बन्द गर्नुपर्ने अवस्थामा पुगेको जानकारी गराएको छ । अस्पतालका मेडिकल सुपेरिटेन्डेन डा. इन्द्र ढकालका अनुसार अस्पतालबाट दाबी रकममध्ये बिमा बोर्डबाट स्वीकृत भएको रकम २४ करोड ७१ लाख रुपैयाँ प्राप्त हुन नसक्दा औषधि तथा उपकरण खरिदमा समस्या सिर्जना हुनुका साथै कर्मचारीहरुलाई सेवा सुविधा समेत उपलब्ध गराउन नसकिने अवस्थामा सिर्जना भएको छ । दैनिक करिब एक हजार पाँच सय सेवाग्राहीले स्वास्थ्य बिमा कार्यक्रमअन्तरगत सेवा लिने यस अस्पतालमा दाबी रकम भुक्तानी नहुँदा आर्थिक संकट पर्दै गएपछि बिमा कार्यक्रम नै स्थगित गर्नुपर्ने बाध्यात्मक अवस्थामा पुगिको मेसु डा. ढकालले गुनासो गरे ।

अस्पतालले बिमा कार्यक्रमअन्तरगत उपचार सेवा उपलब्ध गराएअनुसार विभिन्न वर्षहरुमा गरी कूल ७३ करोड ४२ लाख दाबी गरेकोमा बिमा बोर्डले ५० करोड ५४ रुपैयाँमात्रै उपलब्ध गराउन स्वीकृत गरेको छ । जसमध्ये हालसम्म २५ करोड ८३ लाख रुपैयाँ मात्रै रकम प्राप्त भएको छ । अस्पतालका स्वास्थ्य बिमा कार्यक्रम विभागका प्रमुख दिपेन्द्र पौडेलका अनुसार बिमा कार्यक्रममा सेवाग्राहीको आकर्षण बढ्दै गए पनि सरकारले नै समयमा अनुदान उपलब्ध नगराउँदा सेवा प्रभावित हुने अवस्थामा पुगेको छ ।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## चुनावमा सुरक्षा चुनौती

फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनमा दलहरुले उठाइरहेको प्रमुख प्रश्न हो–निर्वाचनमा सुरक्षा व्यवस्था चुस्त हुन सक्छ कि सक्तैन् ? चुनावको मिति घोषणा भएपछि यो प्रश्न उठाएका दल अहिले पनि सुरक्षाप्रति विश्वस्त हुन सकिरहेका छैनन् । जेनजी आन्दोलनका क्रममा विध्वंशमा संलग्नलाई कारबाही गर्न सरकारले बेवास्ता गरेको, जेलबाट फरार कैदी बन्दी अझै फिर्ता आइनसकेको र प्रहरीका लुटिएका कैयौं हतियार फिर्ता नआएकोले सुरक्षा संवेदनशीलता रहेको छ। यो संवेदनशिल अवस्थालाई बुझेर सरकारले प्रभावकारी कदम चाल्न नसकिरहेका बेला दलहरुको आशंका अस्वभाविक होइन् ।

कैदी र बन्दी जेलमा नफर्किसकेको र लुटिएका हतियार फिर्ता नभइरहेको बेला प्रहरीको खस्केको मनोबल पनि बढ्न सकेको छैन । प्रहरीलाई आवश्यक गाडीको अभाव कायमै छ । भारतले उपलब्ध गराउने भनेका गाडी आउने अपेक्षा छ। चीनले पनि आवश्यक केही सामग्री उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ। चुनाव स्वच्छ र मर्यादित हुनका लागि दल, उम्मेदवार, कर्मचारी र मतदाताले सहज अनुभूति गर्न सक्नुपर्छ ।

गृह मन्त्रालयले ७७ वटै जिल्लाका मतदान केन्द्रलाई वर्गीकरणअनुसार सुरक्षा योजना तयार गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ । प्रहरी प्रधान कार्यालयले सातवटै प्रदेश र ७७ वटै जिल्ला प्रहरी कार्यालयलाई मतदान केन्द्रको वर्गीकरण गर्न भनेको छ । निर्वाचन आयोगले ११ हजार ९ सय १ मतदान केन्द्र तय गरिसकेको छ। मन्त्रालयकाअनुसार सुरक्षा चुनौतीका दृष्टीकोणले चार हजार ६ सय १४ मतदान केन्द्र अतिसंवेदनशील, चार हजार चार सय ४२ मतदान केन्द्र संवेदनशील र दुई हजार ८ सय ४५ मतदान केन्द्र सामान्य भनिएको छ । संवेदनशिल र अति संवेदनशिल मतदान केन्द्रको सुरक्षा प्रबन्ध मिलाउन बेलैमा ध्यान दिनुपर्छ । संवेदनशिल र अतिसंवेदनशिल मतदान केन्द्रको सुरक्षा जति प्रभावकारी गर्न आवश्यक छ, सामान्य ठानिएका मतदान केन्द्रमा पनि सुरक्षा चुनौती बढ्न सक्छ ।

अहिलेको चुनाव नेताहरुले मिनी जनमत संग्रह हो भनेर भनिरहेको बेला टकराव बढ्दा सुरक्षा चुनौती बढेको देखिन्छ । मनोनयनका क्रममा झापा–५ मा भएको हात हालाहाल यत्तिकै रोकिएला भन्न सकिन्न ।

नेताहरुमा देखिएको आक्रोश र आवेगले अरुलाई पनि उत्तेजित बनाएको छ । सामाजिक सञ्जालमा देख्न सकिने भिडियोले प्रष्ट संकेत गरेको छ,–चुनावलाई नियमित प्रक्रिया मान्न सकिरहेका छैनन् । झापा–५ का उम्मेदवार बालेन्द्र साहको आक्रोश र उत्तेजनाले नेतामा हुनुपर्ने जिम्मेवारी भएन भन्ने टिप्पणी अस्वभाविक होइन् ।

चुनावमा सुरक्षा चुस्त बनाउन गृहमन्त्री अभिभावक बन्न सक्नुपर्छ। यो सरकारको सफलता भनेकै चुनाव भएकाले शान्तिपूर्ण र मर्यादित चुनाव बनाउन पहिलो प्राथमिकता हुनुपर्छ ।

# सामाजिक सञ्जाल परिवर्तनको औजार कि समाज विभाजनको विष ?



भिमा शिवाकोटी

सामाजिक सञ्जाल आरोप, भ्रम र विभाजनको साधन होइन, ज्ञान, संवाद र सकारात्मक परिवर्तनका लागि सन्देश प्रवाह गर्ने माध्यम हो भन्ने बुझेर यसको प्रयोग गर्नु आजको आवश्यकता हो । विशेषगरी बौद्धिक वर्ग, राजनीतिक व्यक्तित्व र सामाजिक अभियन्ताहरूले समाजलाई दिशा दिने जिम्मेवारी बहन गरौँ, यदि हामी सबैले सामाजिक सञ्जालको शक्ति बुझेर संयमित, सचेत र मुलुक प्रति जिम्मेवार नागरिक बन्न सक्यौं भने, यही माध्यम समाज परिवर्तनको सबैभन्दा प्रभावकारी औजार बन्न सक्छ ।



सूचना प्रविधिको तीव्र विकाससँगै सामाजिक सञ्जाल आजको समाजको अभिन्न हिस्सा बनेको छ। फेसबुक, ट्विटर, टिकटक, युट्युब, इन्स्टाग्राम, वाड्सएप, लिंक्डइन जस्ता प्लेटफर्महरूले मानिसलाई विश्वभर जोड्ने काम गरेका छन् । विचार आदान-प्रदान, सूचना प्रवाह, सामाजिक अभियान, व्यवसाय प्रवर्द्धनदेखि लिएर राजनीतिक, सामाजिक चेतना फैलाउनेसम्मका काम सामाजिक सञ्जालबाट सम्भव भएका छन् ।

तर सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै यसको गलत प्रयोग, दुरुपयोग र गैरजिम्मेवार अभिव्यक्तिका कारण समाजमा भ्रम, द्वन्द्व र नकारात्मक प्रभाव बढ्दै गएका छन् । दुर्भाग्यको कुरा के छ भने, सामाजिक सञ्जालको प्रयोगमा सर्वसाधारण मात्र होइन, केही बौद्धिक वर्ग, राजनीतिक व्यक्तित्व र सामाजिक अभियन्ता हुँ भन्ने व्यक्तिहरूले समेत जिम्मेवार भूमिका निर्वाह गर्न सकेको पाइँदैन। विचारको गहिराइभन्दा भावनाको आवेग, तथ्यभन्दा आरोप, समाधानभन्दा उत्तेजनालाई प्राथमिकता दिने प्रवृत्ति बढ्दो छ । यस्तो अवस्थामा सामाजिक सञ्जालको वर्तमान प्रयोगको समीक्षा गर्दै यसबाट कसरी सकारात्मक लाभ लिन सकिन्छ भन्ने विषयमा सबै प्रयोगकर्ताले आत्ममूल्यांकन गर्न आवश्यक छ।

पछिल्लो समय सामाजिक सञ्जाल सूचना प्राप्त गर्ने मुख्य माध्यम बनेको छ । समाचार हेर्न, प्रतिक्रिया दिन, धारणा बनाउन र जनमत निर्माण गर्न यसको भूमिका अत्यन्त प्रभावकारी छ । तर यही प्रभावकारिताका कारण गलत सूचना, अफवाह, अर्धसत्य र घृणीत सामग्री पनि तीव्र गतिमा फैलिन थालेका छन्। 'लाइक', 'सेयर', 'कमेन्ट' र 'भ्युज' को प्रतिस्पर्धाले तथ्य जाँच नगरी सामग्री पोस्ट गर्ने प्रवृत्ति बढेको छ । राजनीतिक क्षेत्रमा सामाजिक सञ्जाल विचार राख्ने मञ्चभन्दा पनि आरोप-प्रत्यारोप गर्ने हतियारजस्तो बन्न थालेको छ । केहि सामाजिक अभियन्ताहरूले पनि विषयको गहिरो अध्ययन बिना भावनात्मक पोष्टमार्फत् समाजलाई विभाजित गर्ने काम गरेको देखिन्छ । केहि बौद्धिक वर्गबाट अपेक्षा गरिने तर्क, शालिनता र जिम्मेवारी धेरैजसो अवस्थामा हराउँदै गएको अनुभूति हुँदै आएको छ।

**सामाजिक सञ्जाल प्रयोगमा देखिएका प्रमुख समस्या तथ्यहीन अभिव्यक्ति :**

स्रोत नखुलेका समाचार, प्रमाण बिनाको दाबी र व्यक्तिगत धारणालाई सत्यसरह प्रस्तुत गर्ने चलन बढेको छ।

**भाषिक मर्यादाको ह्रास :**

आलोचना र असहमति प्रकट गर्दा पनि सभ्य भाषा प्रयोग गर्नुपर्नेमा आक्रामक गालीगलौज र अपमानजनक शब्द प्रयोग हुने गरेका छन् ।

**अहंकार र लोकप्रियताको मोह** : केही व्यक्तिहरू सामाजिक सञ्जाललाई आत्मप्रचारको माध्यम मात्र पनि बनाइरहेका छन्, जहाँ समाज परिवर्तनभन्दा व्यक्तिगत पहिचान मुख्य उद्देश्य देखिन्छ।

**डिजिटल साक्षरताको कमी** : सबै प्रयोगकर्ताले सामाजिक सञ्जालको प्रभाव, कानुनी दायित्व र दीर्घकालीन असर बुझ्न सकेको अवस्था छैन।

यी सबै चुनौतीका बाबजुद सामाजिक सञ्जाल अत्यन्त शक्तिशाली र उपयोगी माध्यम हो नभनिरहन पनि सकिन्न। यदि यसको सही सदुपयोग गरियो भने यसबाट प्राप्त गर्न सकिने धेरै विषयहरू छन् ।

सर्वप्रथम त सामाजिक सञ्जाल ज्ञान आदान-प्रदानको उत्कृष्ट माध्यम हुन सक्छ । शैक्षिक सामग्री, अनुसन्धान, तालिम लगायत विचार-विमर्शमार्फत व्यक्तिगत र सामूहिक बौद्धिक विकास गर्न सकिने दर्विलो माध्यम हो ।

त्यस्तै सामाजिक न्याय, वातावरण संरक्षण, मानवअधिकार, शिक्षा र स्वास्थ्यजस्ता विषयमा सचेतना फैलाउन सामाजिक सञ्जाल प्रभावकारी प्लेटफर्म पनि हो । सही उद्देश्य र तथ्यसहित अघि बढाइएका विषयहरूले वास्तविक परिवर्तन ल्याउन सक्छ। राजनीतिक व्यक्तित्वले पनि सामाजिक सञ्जाललाई जनतासँग संवाद गर्ने, नीति र दृष्टिकोण स्पष्ट पार्ने तथा उत्तरदायी हुने माध्यमका रूपमा प्रयोग गर्न सक्छन् । जसका कारण लोकतन्त्रलाई थप सुदृढ बनाउँछ।

त्यति मात्र नभई डिजिटल मार्केटिङ, व्यक्तिगत ब्रान्डिङ, साना व्यवसाय प्रवर्द्धन र रोजगारीका अवसर सिर्जना गर्न पनि सामाजिक सञ्जाल अत्यन्त उपयोगी छ भन्ने मलाई लाग्दछ।

त्यसैले सामाजिक सञ्जालको सही सदुपयोगका लागि यसको प्रयोग गर्ने तपाईं हामी सबैले आधारभूत जिम्मेवारी हो भन्ने आत्मसात गर्न जरुरी छ।

आफूले पोष्ट गर्न तयार पारेको सामाग्री पोस्ट गर्नु अघि सत्यतथ्य छ छैन जाँच गर्ने बानी बसालौँ । असहमति छ भने पनि सभ्य र सम्मानजनक भाषा प्रयोग गरी आफ्ना विचार राख्न आवश्यक ठानौँ । विचार राख्दा समाधानमुखी र रचनात्मक दृष्टिकोण अपनाऔँ । बौद्धिक र सार्वजनिक व्यक्तित्वहरूले आफ्नो प्रभावको गम्भीरता बुझेर अभिव्यक्ति दिनु उपयुक्त हुन्छ होला । सामाजिक सञ्जाललाई भावनाको विस्फोट होइन, विवेकको प्रयोगस्थल बनाउन यहि लेखमार्फत् सबैलाई अनुरोध छ।

अन्त्यमा, सामाजिक सञ्जाल न आफैँमा राम्रो हो न त नराम्रो नै। यो त तपाईं-हाम्रो सोच, उद्देश्य र जिम्मेवारीमा निर्भर गर्ने माध्यम हो। सामाजिक सञ्जाल आरोप, भ्रम र विभाजनको साधन होइन, ज्ञान, संवाद र सकारात्मक परिवर्तनका लागि सन्देश प्रवाह गर्ने माध्यम हो भन्ने बुझेर यसको प्रयोग गर्नु आजको आवश्यकता हो।

विशेष गरी बौद्धिक वर्ग, राजनीतिक व्यक्तित्व र सामाजिक अभियन्ताहरूले समाजलाई दिशा दिने जिम्मेवारी बहन गरौँ, यदि हामी सबैले सामाजिक सञ्जालको शक्ति बुझेर संयमित, सचेत र मुलुक प्रति जिम्मेवार नागरिक बन्न सक्यौं भने, यही माध्यम समाज परिवर्तनको सबैभन्दा प्रभावकारी औजार बन्न सक्छ। समयले हामीसँग पनि यही माग गरिरहेको छ।

घटना र विचारबाट

# नौ अङ्कले घट्यो नेप्से



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार नौ दशमलव ४३ अङ्कले घटेर दुई हजार ७०५ दशमलव ३८ को बिन्दुमा कायम भएको छ। ३२४ कम्पनीको दुई करोड १६ लाख ४१ हजार ८८३ कित्ता शेयर ८९ हजार ७६६ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ९२ करोड ३६ लाख ५० हजार ३४६ दशमलव ९९ को कारोबार भएको नेप्सेले जनाएको छ।

अन्य समूहको उपसूचक शून्य दशमलव २६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव १८, विकास बैंक शून्य दशमलव ५९, वित्त एक दशमलव ६७, होटल तथा पर्यटन एक दशमलव ८८ र जलविद्युत् समूह शून्य दशमलव शून्य तीन प्रतिशतले घटेको छ।

त्यस्तै लगानी शून्य दशमलव ६४, जीवन बिमा शून्य दशमलव ३६, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४६, लघुवित्त शून्य दशमलव २६, म्युचुअल फण्ड शून्य दशमलव ६५, निर्जीवन बिमा शून्य दशमलव ३० र व्यापार समूह एक दशमलव २१ प्रतिशतले घटेको छ।

कालिका पावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ८४ प्रतिशतले बढेको छ । सबैभन्दा बढी गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८९ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा सबैभन्दा बढी आखुखोला जलविद्युत् कम्पनी लिमिटेडको रु ४३ करोड ३६ लाख ३६ हजार ४१३ बराबरको १८ लाख ८० हजार ४५४ कित्ता शेयर किनबेच भएको छ।

# जाडो मौसममा हड्डीलाई बलियो र स्वस्थ कसरी राख्ने ?

**डा. सम्राट पराजुली**

जाडो मौसम आरामदायी खाना, न्यानो कपडा र बाहिरको गतिविधि कम हुने समय हो । तर यही मौसममा हड्डीको स्वास्थ्य सबैभन्दा धेरै बेवास्ता हुने गर्दछ। घाम कम लाग्ने, शारीरिक गतिविधि घट्ने र खानपानमा परिवर्तनले बालबालिका, वयस्क र वृद्धहरूको हड्डीलाई बिस्तारै कमजोर बनाउन सक्छ । जाडोमा हड्डीको स्वास्थ्य जोगाउनु जोर्नी दुखाइ, हड्डी भाँचिने समस्या र अस्टियोप्रोसिस (अस्थिक्षय) जस्ता दीर्घकालीन रोगहरूबाट बच्न अत्यन्त आवश्यक छ।

**जाडोले हड्डीको स्वास्थ्यमा किन असर गर्छ ?**

- घाम कम लाग्दा भिटामिन डी को उत्पादन घट्छ, जसले क्याल्सियमको अवशोषणमा बाधा पुऱ्याउँछ।
- शारीरिक गतिविधि कम हुँदा हड्डी र मांसपेशी कमजोर हुन्छन् ।
- चिसो मौसमले जोर्नी कडा भई दुखाइ बढ्छ र लड्ने जोखिम बढ्छ।
- जाडोमा असन्तुलित खानपानले क्याल्सियमको मात्रा घट्न सक्छ।

**जाडोमा हड्डीको स्वास्थ्य सुधार्ने प्रमुख उपायहरू**

**१. पर्याप्त भिटामिन डी सुनिश्चित गर्नुहोस्**

भिटामिन डी बलियो हड्डीका लागि अत्यावश्यक हो, र यसको मुख्य स्रोत घाम हो। जाडोमाः

- सम्भव भएसम्म बिहानको घाम १५-३० मिनेट लिनुहोस् ।
- अण्डाको पहेंलो भाग, फोर्टिफाइड दूध, च्याउ र माछा जस्ता भिटामिन डीयुक्त खाना खानुहोस् ।
- आवश्यक परे चिकित्सकको सल्लाहमा सप्लिमेन्ट लिनुहोस्।

**२. क्याल्सियमको मात्रा बढाउनुहोस्**

क्याल्सियमले हड्डीलाई बलियो बनाउँछ र हड्डी क्षय रोक्छ। जाडोमा उपयुक्त क्याल्सियम स्रोतहरूः

- दूध, दही र चिज।
- पालुंगो, तोरीको साग जस्ता हरियो सागसब्जी।
- तिल, बदाम र तोफु।

**३. शारीरिक रूपमा सक्रिय रहनुहोस्**

चिसोले गतिविधि घटे पनि हड्डी बलियो रहन नियमित गतिविधि आवश्यक हुन्छ।

- घरभित्रै स्ट्रेचिङ, योग र हल्का अभ्यास गर्नुहोस्।
- घाम लागेको बेला छोटो समयका लागि हिँड्डुल गर्नुहोस् ।
- तौल उठाउने व्यायामले हड्डीको घनत्व कायम राख्छ।

**४. न्यानोपन कायम राख्नुहोस् र लड्नबाट जोगिनुहोस्**

- उपयुक्त न्यानो कपडा लगाएर जोर्नी न्यानो राख्नुहोस्।
- नचिप्लिने जुत्ता प्रयोग गर्नुहोस्।
- विशेषगरी वृद्धहरूका लागि घरभित्र पर्याप्त बत्तीको व्यवस्था गर्नुहोस्।

**५. सन्तुलित र हड्डी–मैत्री आहार लिनुहोस्**

हड्डीलाई सहयोग गर्ने पोषक तत्वहरू समावेश गर्नुहोस्ः

- हड्डीको संरचनाका लागि प्रोटिन।
- बदाम, सन्तुलित अन्न र दालबाट म्याग्नेसियम र फस्फोरस।
- कोलाजेन निर्माणका लागि भिटामिन सी (कागती, अम्बा)।

**६. हड्डी कमजोर बनाउने बानीहरू त्याग्नुहोस्**

- अत्यधिक क्याफिन र कार्बोनेटेड पेय पदार्थ कम गर्नुहोस्।
- धूम्रपान र अत्यधिक मदिरा सेवन नगर्नुहोस्।
- स्वस्थ तौल कायम राख्नुहोस्।

**७. वृद्ध र बढ्दो उमेरका बालबालिकाका लागि विशेष ध्यान**

- वृद्धहरूलाई लड्न तथा चिप्लिने समस्याबाट रोक्ने र जोर्नीको चलायमानतामा ध्यान दिनुपर्छ।
- बालबालिका र किशोरहरूले अधिकतम हड्डी विकासका लागि पर्याप्त पोषण पाउनुपर्छ।

**कहिले चिकित्सकको सल्लाह लिनु आवश्यक हुन्छ ?**

लगातार जोर्नी दुखाइ, बारम्बार हड्डी भाँचिनु वा अकारण तौल घट्नु जस्ता लक्षणलाई बेवास्ता गर्नु हुँदैन । समयमै जाँच गराएमा गम्भीर हड्डीसम्बन्धी रोगबाट जोगिन सकिन्छ। त्यसैले नजिकैका अर्थोपेडिक विशेषज्ञसँग परामर्श लिनुहोस्।

**निष्कर्ष**

जाडो मौसम हड्डी कमजोर हुने समय हुनुपर्दैन । उचित पोषण, घामको सेवन, नियमित गतिविधि र रोकथामात्मक हेरचाहबाट वर्षभरि नै हड्डी बलियो र स्वस्थ राख्न सकिन्छ। हड्डीको स्वास्थ्य जीवनभरको लगानी हो, आजैदेखि यसको हेरचाह सुरु गर्नुहोस्।

स्वास्थ्य खबरबाट

# ५९औं वार्षिकोत्सवमा रक्तदान



बुटवल। नेपाल वित्तीय संस्था कर्मचारी संघ कृषि विकास बैंक लिमिटेड लुम्बिनी प्रदेश समिति भैरहवाको आयोजनामा बुधबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ। कृषि विकास बैंक लिमिटेडको ५९औं वार्षिकोत्सवका अवसरमा आयोजना गरीएको रक्तदान कार्यक्रममा ४४ यूनिट रगत संकलन भएको छ।

उक्त रक्तदान कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ कृषि विकास बैंक लुम्बिनी प्रदेश समितिका अध्यक्ष प्रकाश भट्टराईले रक्तदान जीवनदान भएकाले बैंकको वार्षिकोत्सवका अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको बताए।

कार्यक्रमका प्रमुख अतिथि कृषि विकास बैंक लुम्बिनी प्रदेशका निर्देशक माधब रिजालले आगामी दिनमा पनि यस्ता रचनात्मक कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताए।

यस्तै कार्यक्रममा युनियनका केन्द्रीय उपाध्यक्ष अब्दुल मतीन मुसलमान, सचिव आस्था भण्डारी, केन्द्रीय सदस्य नवराज गौतमका साथै फियनका उप-महासचिव रामचन्द्र बि.क., केन्द्रीय सदस्य गणेश सिंह श्रेष्ठलगायत बैंकमा क्रियाशील युनियनका लुम्बिनी प्रदेश अध्यक्षहरुको समेत उपस्थिति रहेको थियो। कार्यक्रममा बैंकका विभिन्न शाखामा कार्यरत कर्मचारीहरुको सहभागिता रहेको थियो।

कार्यक्रमको सञ्चालन सचिव गुरुप्रसाद घिमिरेले गरेका थिए। सोही अवसरमा रक्तदाताहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो।

# ६ महिनामा ९ खर्ब आयात, एक खर्ब निर्यात

काठमाडौं। भन्सार विभागको पछिल्लो ६ महिनामा विदेशी सामग्री आयात १४ प्रतिशत बढेको छ। भन्सार विभागले जारी गरेको पछिल्लो तथ्यांकअनुसार गत वर्षको ६ महिनाको तुलनामा चालु आर्थिक वर्षको ६ महिनामा वस्तु आयात १४.१८ प्रतिशत बढेको हो।

विभागका अनुसार सो अवधिमा ९ खर्ब ३९ अर्ब २ करोड २८ लाख रुपैयाँ बढीको सामग्री आयात भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा ८ खर्ब २२ अर्ब ३७ करोड ५ लाख रुपैयाँभन्दा बढीको वस्तु आयात भएको थियो। बितेका ६ महिनामा वस्तु निर्यात झण्डै ४४ प्रतिशत बढेको छ। विभागका अनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको ६ महिनामा वस्तु निर्यात ४३.७६ प्रतिशत बढेको हो।

यसअवधिमा एक खर्ब ४२ अर्ब एक करोड रुपैयाँ बढीको सामग्री निर्यात भएको विभागको तथ्यांक छ। अघिल्लो आर्थिक वर्षको ६ महिनामा ९८ अर्ब ७८ करोडको वस्तु निर्यात भएको तथ्यांक छ।

विभागका अनुसार पछिल्ला ६ महिनामा डिजेलको आयातको हिस्सा धेरै छ। उक्त अवधिमा ५८ अर्ब रुपैयाँ बढीको डिजेल आयात भएको छ।

यस्तै कच्चा सोयाविन तेलको हिस्सा समेत उच्च छ। ६ महिनामा ४८ अर्ब ८३ करोड रुपैयाँ बराबरको सोयाविन तेल आयात भएको छ। यस्तै पेट्रोलको स्थान तेस्रो स्थानमा छ। पेट्रोलको आयात ३३ अर्बमाथि छ।

**लुम्बिनी...**

बिमा सेवालाई प्रभावकारी बनाउनका लागि फार्मेसी तथा फार्मेसी काउन्टर वृद्धि, अटोमेटिक रिपोर्ट डिस्प्याच मेशिन जडानलगायतका कामहरु भएका छन्। हाल बिमा कार्यक्रमका लागि मात्रै अस्पतालमा ३९ जना कर्मचारीहरु कार्यरत रहेको विभागका प्रमुख पौडेलले जानकारी दिए। विभाग प्रमुख पौडेलकाअनुसार अस्पतालले उपचार सेवा उपलब्ध गराएबापत दाबी गरेर पठाएको रकममा समेत बिमा बोर्डले मानोमानि रुपमा कटौटी गरेर थोरै रकम मात्रै स्वीकृति गर्ने गरेको गुनासो गरे।

अस्पताल बिका समितिका अध्यक्ष अजयमान श्रेष्ठले अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दा गर्दै पनि बिमा बोर्डले स्वीकृत गरेको रकम समेत नपठाउँदा सेवा नै बन्द गर्नुपर्ने अवस्था सिर्जना हुनु दुःखद भएको उल्लेख गरे। सरकार र बिमा बोर्ड गम्भीर हुनुपर्ने बताउँदै उनले जनताको स्वास्थ्यसेवासँग प्रत्यक्ष जोडिएको विषयमा कसैले पनि खेलवाड गर्नु गलत भएको बताए। स्वास्थ्य मन्त्रालयले लुम्बिनी प्रादेशिक अस्पताललाई स्वास्थ्य बिमा सेवाका लागि प्रथम विन्दु (फर्स्ट कन्ट्याक पोइन्ट) घोषणा गरेपछि सेवाग्राहीको चाप थप वृद्धि भए पनि अनुदान रकम समयमा प्राप्त गर्न नसक्दा आवश्यक उपकरणहरु खरिदमा समस्या पर्नुका साथै औषधि आयातकर्तालाई समयमा भुक्तानी दिन नसक्दा संकट उत्पन्न भएको छ।

सरकारले समयमा दाबी भुक्तानी नगर्दा देशका अन्य सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुले समेत बिमा कार्गक्रम स्थगित गरेका छन्। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल र शहीद गंगालाल हृदय रोग केन्द्रले स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गतका सेवा बन्द गरिसकेका छन्। ती अस्पतालहरुले पनि स्वास्थ्य बिमा बोर्डबाट दाबी भुक्तानी नपाएपछि स्वास्थ्य बिमा सेवालाई निरन्तरता दिन नसकिएको बताएका छन्। सेवा प्रदायकहरुले स्वास्थ्य बिमा कार्यक्रमबापतको सेवा बन्द गरेपछि बिमितलाई उपचारमा सकस पर्ने देखिएको छ। सरकारले नागरिकको उपचारका लागि ल्याएको कार्यक्रम अस्पतालहरुले बन्द गर्दा यसबाट विपन्न नागरिक सबैभन्दा धेरै मारमा पर्ने छन्।

यसैगरी सेवा प्रदायक अस्पतालहरुले स्वास्थ्य बिमा बोर्डको क्षमतामाथि नै प्रश्न उठाएका छन्। विशेषज्ञ चिकित्सकले बिरामी हेरेका केस बोर्डका कर्मचारीले नबुझेर अस्वीकृत गर्ने गरेका कारण दाबी रकममै आधा घाटा बेहोर्न परेको अस्पतालहरको गुनासो छ। बिमा दाबीको भेरिफिकेसन नै रियलटाइम हुनुपर्ने र निश्चित अवधि तोकेर बोर्डले भुक्तानी दिएपछि मात्रै सेवाले निरन्तरता पाउने प्रदायकहरुले बताएका छन्।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको बिमालेख मिति २०८२।०९।०४ गते रामग्राम वडा नं. ८ उनवछ देखि परासी आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नामः** : **महेन्द्र प्रसाद नाउँ**
**ठेगानाः** : **र्रामग्राम वडा नं. ८, उनवछ, नवलपरासी**
**बिमा लेख नं.:** : **१५००५४११७**
**मोबाईल नंः** : **९८११४०७०५९**

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय, परासी
नवलपरासी परिघाट सुस्ता पश्चिम)

**श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना।**

रामवृक्ष कुर्मी र कलावती कुर्मीको छोरी, उदीत नारायण कुर्मीको पत्नी जिल्ला नवलपरासी (ब.सु.प.), साविक गा.वि.स. सुक्रौली, वार्ड नं. ३ बस्ने मञ्जुदेवी कुर्मी- १ र ऐ. ऐ. को छोरी, महेश कुमार चौधरी (कुर्मी)को पत्नी जिल्ला नवलपरासी, साविक गा.वि.स. छिपागढ, वार्ड नं. ३ बस्ने सञ्जुदेवी कुर्मी-१ समेत जना २ ले रामवृक्ष कुर्मीको पत्नी जिल्ला नवलपरासी (ब.सु.प.), साविक गा.वि.स. पाल्ही. वार्ड नं. २ हाल परिवर्तित पाल्हीनन्दन गाउँपालिका, वार्ड नं. ४ बस्ने हाम्री आमा कलावती कुर्मीको नाउँमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला नवलपरासी, साविक गा.वि.स. लोहरौली, वार्ड नं. २/क का कि.नं. २१२, ३७१ र ३०५ तथा ऐ. ऐ. वार्ड नं. १/क कि.नं. ५१५ ज.बि. क्रमशः ०-१९-०, ०-३-०, ०-१-१० र ०-०-१७ जग्गाहरू रहेकोमा निज जग्गाधनी आमा कलावती कुर्मीको मिति २०८२/०७/१२ मा तथा निजको सबभन्दा नजिकको अपुताली हक खाने निजका पति तथा हाम्रा बाबु रामवृक्ष कुर्मीको मिति २०४३/१०/२७ गते आ-आफ्नै कालगतिबाट मृत्यु भएको र निज दम्पतिबाट कुनै हकवाला छोराहरूको जायजन्म नभई जायजन्मको रूपमा हामी दुई छोरीहरू जेठी मन्जु देवी कुर्मी र कान्छी सन्जु देवी कुर्मी मात्र भई निज जग्गाधनी आमा कलावती कुर्मीलाई जीवित छँदासम्म निजको पालनपोषण गर्ने, हेरचाह गर्ने, मृत्युपछिको काजकिरिया गर्ने तथा ऋणधन व्यहोर्ने सम्पूर्ण काम हामीहरूले नै संयुक्त रूपमा गरी उक्त जग्गाहरूको जोतभोग समेत हामी दुई दिदी-बहिनीले संयुक्त रूपमा गरिरहेको हुँदा निज मृतक जग्गाधनीको नाउँको उक्त जग्गाहरू हामीहरूको संयुक्त नाउँमा नामसारी गराइपाऊँ भनी श्री भूमिसुधार तथा मालपोत कार्यालय (ब.सु.प.), परासीमा पेश गरेको माग निवेदन सम्बन्धमा निवेदिकाहरू मन्जु देवी कुर्मी र सन्जु देवी कुर्मी बाहेक मृतक जग्गाधनी कलावती कुर्मीको नजिकको नाता पर्ने छोरा तथा अन्य छोरी लगायत अन्य कोही नजिकका हकवालाहरू भए वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.), परासीमा सप्रमाण हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सबैका लागि जारी गरिएको छ, अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

## चापाकोट नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**चापाकोट, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति : २०८२।१०।०७**

उपरोक्त सम्बन्धमा यस चापाकोट नगरपालिकाको कार्यालयबाट मिति २०८२।०९।०७ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मूल्यांङ्कित सारभुत रुपमा प्रभावग्राही भई बोलपत्र मूल्याङ्कन समितिले गरेको निर्णय अनुसार स्वीकृतको लागि प्रक्रिया अगाडि बढाउनु पर्ने भएकोले ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कामको विवरण | प्याकेज नं | बोलपत्रदाताको नाम र ठेगाना | बोलक बोल रकम | ला.ई.भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Procurement of Batraa Ghat | 10/Revenue/CM/2082/83 | Garahu Constructio, Chapakot, Syangja | NRs.4,80,229.95/-(with VAT) | 11.23Percent Higher | |
| २ | Procurement of Mukunde Ghat | 07/Revenue/CM/2082/83 | Two A. Brothers Group Builders and Contractor, Rampur, Palpa | NRs.3,43,962.49/-(with VAT) | 21.45 Percent Higher | |
| ३ | Procurement of Jyagdi Dovan Ghat | 05/Revenue/CM/2082/83 | Simran Construction, Chapakot, Syangja | NRs.12,81,532.77/-(with VAT) | 3.14 Percent Higher | |

## Butwal Sub-Metropolitan City
**Office of the Municipal Executive**
**Butwal, Rupandehi**
**Lumbini Province, Nepal**

### Invitation for Sealed Quotation

Date of Publication: 2082/10/08 B.S.

1.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites sealed Quotation from eligible and qualified bidders for the followings construction works.

| S.N | Contract No. | Description of works | Estimate Amount (including VAT | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | 02/082-83/STORE/BSMC/SQ/Goods | Purchase Supply and Delivery of Stationery Items | 19,60,178.22 | 50,000.00 | 1,000.00 | 2082/10/23 B.S Time upto 12.00hrs | 2082/10/23 B.S.Time at 13.00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| Office Name | Butwal Sub-Metropolitan City, Butwal | |
| Office Code No. | 801054801 | Rastriya Banijya Bank, Butwal |
| Account Head | 14229 | |
| For Tender fee Deposit | Sutrarevenue.fcgo.gov.np | |

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.

4.0 Pre-bid Meeting shall be held at Office Hall , Date : 2082/10/15, Time 13:00 hrs

5.0 Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.

6.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Procurement Unit**
**Butwal Sub-Metropolitan City**
**Butwal, Rupandehi**

## Madhyabindu Municipality
**Office of Municipal Executive**
**Madhyabindu-7, Chormara, Nawalparasi(East of Bardghat Susta)**
**Gandaki Province, Nepal**

### Invitation for Bid

First Date of publication: 2026-01-22

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT& PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 12/NCB/MB/WORKS/2082/83 | All Weather Access Road ko Ratamata Khanda Sadak Kalopatre, Madhyabindu-14 | NCB-WORKS | 77,59,683.49 | 3000/- | 2,00,000.00 | 90 days/ 120 days after bid opening | 2026-02-22 12.00 | 2026-02-22 14.00 |
| 13/NCB/MB/WORKS/2082/83 | Nandapur Seheri Sadak Istharunatti, Madhyabindu-02 | NCB-WORKS | 96,99,335.62 | 3000/- | 2,50,000.00 | 90 days/ 120 days after bid opening | 2026-02-22 12.00 | 2026-02-22 14.00 |
| 14/NCB/MB/WORKS/2082/83 | Arungkhola Bajar Sadak Isthaunatti, Madhyabindu-10 | NCB-WORKS | 96,99,919.14 | 3000/- | 2,50,000.00 | 90 days/ 120 days after bid opening | 2026-02-22 12.00 | 2026-02-22 14.00 |

Chief Administrative Officer




सहयोगापेक्षी सडक आश्रित मानवमुक्त घोषणा कार्यक्रमः

सहयोगापेक्षी सडक आश्रित मानवमुक्त दाङ जिल्ला घोषणा कार्यक्रम पूर्व घोराहीमा निकालिएको र्‍यालीमा सहभागीहरू । बिहीबार दाङलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त घोषणा गरिएको छ । तस्विरः सुशीला ओली/रासस

# दुई सुधार केन्द्रद्वारा डीएसपी रानाको बिदाइ



बुटवल । इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक (डीएसपी) इन्द्रबहादुर रानाको सरुवा भएसँगै यहाँका दुई सुधार केन्द्रले बिदाई गरेका छन् ।

इलाका प्रहरी कार्यालय बुटवलमा नै एक कार्यक्रमको अयोजना गर्दै सुधार केन्द्रहरु बुद्ध युवा क्लब र द बेस्ट लाइफ हेल्थ केयरले बिदाई गरेका हुन् ।

कार्यक्रममा डीएसपी रानाले बुटवलमा ११ महिना कार्यरत रहँदा शान्ति सुरक्षा, लागूपदार्थ ओसारपसार नियन्त्रण तथा सामाजिक सुधारका क्षेत्रमा उल्लेखनीय काम गर्न सकिएको बताए ।

उनले सुधार केन्द्रहरूसँगको सहकार्यले अपराध नियन्त्रणमा सकारात्मक प्रभाव पारेको धारणा राखे ।

कार्यक्रममा युवा नेता सुजन पुनले प्रहरीको सक्रिय उपस्थितिका कारण बुटवलमा लागूपदार्थ ओसारपसार र दुर्व्यसन न्यूनीकरणमा सहयोग पुगेको बताउँदै डीएसपी रानाको नेतृत्वको प्रशंसा गरे ।

बुद्ध युवा क्लबका अध्यक्ष शिवबहादुर विष्टले प्रहरीको नियमित अनुगमन र सहकार्यले युवाहरू लागूपदार्थबाट जोगिन सहयोग पुगेको जनाए ।

द बेस्ट लाइफ हेल्थ केयरका संयोजक रोशन थापा क्षेत्रीले डीएसपी रानाको कार्यकालमा प्रहरी र सुधार केन्द्रबिचको सम्बन्ध अझ मजबुत बनेको उल्लेख गरे । कार्यक्रम संयोजक अनुराग शर्माले समुदाय-प्रहरी सहकार्यले शान्ति सुरक्षा र सामाजिक सुधार दुवै क्षेत्रमा सकारात्मक परिणाम दिएको बताए ।

# सानेपाबाटै कमाण्ड सम्हाल्दै कांग्रेसको नयाँ नेतृत्व

काठमाडौं । नेपाली कांग्रेसको नवनिर्वाचित केन्द्रीय समिति बिहीबार वा शुक्रबार पार्टी केन्द्रीय कार्यालय सानेपा जाने तयारी गरेको छ । गत पुस ३० गते विशेष महाधिवेशनबाट चयन भएको नेतृत्वसहितको केन्द्रीय समिति हालसम्म केन्द्रीय कार्यालय प्रवेश गरेको छैन ।

निर्वाचन आयोगले गत माघ २ गते नै विशेष महाधिवेशनलाई वैधानिकता दिँदै कार्यसमिति अद्यावधिक गरेको थियो । तर, विवाद सर्वोच्च अदालत पुगेपछि नवनिर्वाचित सभापति गगन थापा नेतृत्वको टिमले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवार छनोटसहितका निर्णय केन्द्रीय कार्यालयबाहिरै बसेर गरेको थियो । मंगलबार सर्वोच्च अदालतले आधिकारिकता विवादमा अन्तरिम आदेश दिन अस्वीकार गरेपछि नवनिर्वाचित केन्द्रीय समितिले कार्यालयबाटै काम सुरु गर्न लागेको हो ।

“निर्वाचन आयोगको निर्णयपछि नै केन्द्रीय कार्यालयमा बसेर काम गर्ने अवस्था बनिसकेको थियो । तर, विवाद सर्वोच्चमा गएपछि द्वन्द्व बढाउनु हुँदैन भनेर हामीले बाहिरै बसेर काम गरेका थियौँ,’ नवनिर्वाचित केन्द्रीय समितिका प्रवक्ता देवराज चालिसेले भने-‘पार्टीको टिकट वितरणमा भएको सन्तुलनले नै नवनिर्वाचित कार्यसमितिको वैधानिकता स्थापित गरिसकेको थियो । सर्वोच्चको निर्णयपछि अब सबै बाटो खुल्ला भएको छ ।’

प्रवक्ता चालिसेले अहिले केही कार्यकक्षहरू तयार पार्ने र सरसफाइको काम भइरहेकाले बिहीबार वा शुक्रबार कार्यालय प्रवेशको तयारी रहेको जानकारी दिए । ‘अब हामी सम्भव भयो भने भोलि (बिहीबार), भोलि सम्भव भएन भने पर्सी पार्टी अफिस जानेछौँ,’ उनले भने-‘पार्टी अफिस गएर गर्नुपर्ने काम धेरै बाँकी छन् ।’

उनले घोषणापत्रसहितका कामहरू अब पार्टी केन्द्रीय कार्यालयबाट हुने जानकारी दिए । चुनावमा जाने उमेदवारहरूलाई घोषणापत्र दिएर पठाउनुपर्ने पहिलो आवश्यकता भएको भन्दै त्यसमा तत्काल काम अघि बढाउने उनले बताए । त्यसबाहेक अन्य प्रचार सामग्रीहरू उम्मेदवारका लागि प्राविधिक सहयोग सबै काम केन्द्रीय कार्यालयबाटै हुने बताए ।

‘पहिलो त आगामी चुनावका लागि पार्टीको प्रतिबद्धता आम नागरिकमा पुऱ्याउन घोषणापत्र निर्माण गर्नुछ । त्यो सबै प्रचार सामग्रीहरू पनि तयार पार्नु छ,’ उनले भने-‘अहिले आम कार्यकर्तासँगको भेटघाटदेखि उम्मेदवारहरूलाई प्राविधिक सहयोग गर्ने, तल्लो तहसँग सम्पर्क स्थापित गर्ने सबै काम व्यवस्थित भइसकेको छैन ।’ उम्मेदवार छनोटमा पार्टीमा विगतको तुलनामा असन्तुष्टि कम रहेको भन्दै बाँकी रहेका असन्तुष्टिहरू पनि व्यवस्थापन गरेर जाने गृहकार्य भइरहेको बताए ।

# एकवर्षमै अमेरिकाबाट ५८३ नेपाली डिपोर्ट

बुटवल । डोनाल्ड ट्रम्प दोस्रो पटक अमेरिकी राष्ट्रपति भएपछिको एक वर्षमा अमेरिकाले ५ सय ८३ नेपालीलाई डिपोर्ट (निष्कासन) गरेको छ ।

डोनाल्ड ट्रम्पले सन् २०२५ जनवरी २० मा दोस्रो पटक अमेरिकी राष्ट्रपतिको शपथ लिएका थिए । सन् २०२५ जनवरी २० देखि २०२६ जनवरी २० सम्मको एक वर्षको अवधिमा अमेरिकाले ५ सय ८३ जना नेपालीलाई विभिन्न आरोप लगाई डिपोर्ट गरेको हो ।

“डोनाल्ड ट्रम्पले दोस्रो पटक अमेरिकी राष्ट्रपतिको शपथ लिएयताको एक वर्षमा अमेरिकाबाट झण्डै ६ सय नेपाली डिपोर्ट भई काठमाडौं पठाइएको छ । धेरैजसोलाई चाटर्ड विमानमा राखी पठाइएको छ ।”-त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयका वरिष्ठ अध्यागमन अधिकृत अनुज भण्डारीले भने ।

भण्डारीका अनुसार गत सोमबार (माघ ५ गते) मात्र एकैदिन अमेरिकाले डिपोर्ट गरेका ९१ जना नेपाली काठमाडौं आइपुगेका थिए । यसअघि अमेरिकाले एकैदिन यति ठूलो संख्यामा नेपालीलाई डिपोर्ट गरेको थिएन । उनीहरूलाई चाटर्ड विमानमा राखेर अमेरिकाले काठमाडौं पठाएको थियो । यसअघि अमेरिकाले डिपोर्ट गरी पठाएका ७५ जना नेपाली पुस ३ गते काठमाडौं आइपुगेका थिए । उनीहरूलाई पनि अमेरिकाले चाटर्ड विमानमा राखी पठाएको थियो ।

०८२ भदौ १९ गते अमेरिकाले यसैगरी एकैदिन ठूलो संख्यामा नेपालीलाई डिपोर्ट गरेको थियो । सो दिन अमेरिकाले चाटर्ड विमान राखेर ३७ जना नेपालीलाई पठाएको थियो । अमेरिकाले ०८२ जेठ २५ गते पनि एकसाथ डिपोर्ट गरी पठाएका ३७ जना नेपाली काठमाडौं आइपुगेका थिए । उनीहरूलाई पनि अमेरिकाले चाटर्ड विमानमा नेपाल पठाएको थियो । अमेरिकामा बस्नका लागि कानुनी आधार स्थापित नगर्ने नेपाली नागरिकहरू डिपोर्ट गरिएको अमेरिकाले जनाउँदै आएको छ ।

काठमाडौंस्थित अमेरिकी दूतावासले डिपोर्ट भएकाहरू काठमाडौं आउनु केही दिनअघि त्यसबारे अध्यागमन विभागलाई जानकारी दिने गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेपछि उनीहरूलाई नेपाल प्रहरीलाई बुझाउने गरिएको छ ।

प्रायः अवैध बाटो अमेरिका गएकाहरू डिपोर्टमा पर्ने गरेका छन् । यसैकारण उनीहरूलाई प्रहरीले आवश्यक सोधपुछ गर्ने गरेको छ । खासगरी उनीहरूलाई अमेरिका पठाउने (मानव तस्कर) का बारेमा उनीहरूसँग सूचना लिने काम प्रहरीले गर्छ । अवैध तरिका र बाटोबाट अमेरिका प्रवेश गरेको, गलत मनसायले अमेरिकामा बसेको र बिनाभिसा बसेको जस्ता आरोप डिपोर्ट भएकाहरूमाथि अमेरिकाले लगाएको छ ।

ट्रम्पले राष्ट्रपति निर्वाचन अभियानकै क्रममा आप्रवासीमाथि कडाइ गर्ने घोषणा गरेका थिए । निर्वाचित भएपछि राष्ट्रपतिको शपथ लिएलगत्तै उनले अवैध आप्रवासीलाई निष्कासन गर्नेसम्बन्धी एक कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । त्यसपछि ट्रम्प प्रशासनले निष्कासित गर्ने एक हजार ३६५ नेपालीसहित १४ लाख ४५ हजार ५४९ जना आप्रवासीको सूची सार्वजनिक गरेको थियो । उनीहरू सबैमाथि अवैध तरिकाले अमेरिकामा बसोबास गरेको आरोप लगाइएको थियो । सन् २०२४ मा अमेरिकाले मात्र ३५ जना नेपालीलाई डिपोर्ट गरेको थियो ।

ट्रम्प दोस्रो पटक राष्ट्रपति भएपछि डिपोर्ट हुने नेपालीको संख्या बढेको छ ।

# इडन बोर्डिङ्मा खाना महोत्सव तथा साँस्कृतिक कार्यक्रम




बुटवल । बुटवल उप-महानगरपालिका ११ नहरपुरमा रहेको इडन इङ्ग्लिस बोर्डिङ् स्कुलले ‘इडन खाना महोत्सव तथा साँस्कृतिक कार्यक्रम २०८२’ भव्य रूपमा सम्पन्न गरेको छ । विद्यालयको शैक्षिक उपलब्धि, सिर्जनशीलता तथा व्यावहारिक सीपलाई उजागर गर्ने उद्देश्यसहित कार्यक्रम आयोजना गरिएको विद्यालयले जनाएको छ ।

विद्यालयले शैक्षिक नतिजा प्रकाशनसँगै खाना महोत्सव तथा साँस्कृतिक कार्यक्रम आयोजना गरेको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नकुल शाही ठकुरीका अनुसार इडन इङ्ग्लिस बोर्डिङ् स्कुलमा आधारभूत तहदेखि नै पेशा तथा व्यवसाय विषयको अध्यापन हुँदै आएको छ ।

कक्षाकोठामा सिकेका सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्ने अवसर प्रदान गर्न खाना महोत्सव आयोजना गरिएको उनले बताए ।

अध्यक्ष शाहीले इडन इङ्ग्लिस बोर्डिङ् स्कुल आफ्नै होटल सञ्चालन गर्ने एकमात्र विद्यालय भएको दाबी गर्दै यहाँ हप्ताको चार दिन प्रयोगात्मक शिक्षण पद्धतिमार्फत् पढाइ हुने जानकारी दिए । उनले विद्यालयले शैक्षिक, साँस्कृतिक तथा व्यवहारिक पक्षमा आफूलाई निरन्तर अब्बल बनाउँदै लगेको उल्लेख गर्दै विद्यार्थीलाई राष्ट्रिय स्तरसँग जोड्ने उद्देश्यले राष्ट्रिय कलाकारहरूलाई कार्यक्रममा आमन्त्रण गरिएको बताए ।

कार्यक्रममा गायक हेमन्त शर्मा, रवि रिमाल, गायिका सम्झना लामिछाने तथा डान्सर साजन गुरुङलगायत कलाकारहरूले आकर्षक प्रस्तुति दिएका थिए । विद्यालयका प्रधानाध्यापक शिवहरी भट्टराईका अनुसार कलाकारहरूको प्रस्तुतिले कार्यक्रमलाई थप जीवन्त बनाएको थियो ।

खाना महोत्सवमा कक्षा ११ र १२ का विद्यार्थीहरूले पाँच वटा स्टल सञ्चालन गरेका थिए । विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख कुशल बस्यालका अनुसार विद्यार्थीहरूले सेलरोटी, शेर्पा चिया, मम, पकौडा, बटुक, फुल्की, चाट, स्यान्डविचलगायत विविध परिकारहरू तयार गरी प्रस्तुत गरेका थिए । यसले विद्यार्थीहरूमा उद्यमशीलता, आत्मनिर्भरता र व्यवहारिक सीप विकासमा सहयोग पुगेको विद्यालयको विश्वास छ ।

कार्यक्रममा अभिभावक तथा सर्वसाधारण दर्शकहरूको उल्लेखनीय सहभागिता रहेको थियो । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले नृत्य, गायन, नाटकलगायत विविध सांस्कृतिक प्रस्तुति प्रस्तुत गर्दै दर्शकको मन जितेका थिए । विद्यालयले सांस्कृतिक कार्यक्रममा निःशुल्क प्रवेशको व्यवस्था गरेको थियो ।

विद्यालय प्रशासनका अनुसार यस्ता कार्यक्रमले विद्यार्थीको प्रतिभा प्रस्फुटन, आत्मविश्वास अभिवृद्धि र व्यवहारिक शिक्षालाई मजबुत बनाउने भएकाले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

# शान्ति नमूनामा रक्तदान कार्यक्रम




तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा वडा नं. ५ मणिग्राममा रहेको शान्ति नमूना माध्यमिक विद्यालयमा बुधबार रक्तदान कार्यक्रम गरिएको छ । विद्यालयको ६७औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा ३९ जनाले रक्तदान गरेको कार्यक्रमका संयोजक विष्णुप्रसाद अर्यालले जानकारी दिए ।

बुटवल ब्लड बैंकका प्राविधिकहरु निरञ्जन राजभण्डारी, रोशन पुन र प्रिती थापाले प्राविधिक संयोजन गरेका थिए ।

विद्यालयको सामाजिक उत्तरदायित्वअन्तरगत रक्तदान कार्यक्रम गरिएको भन्दै विद्यालयका प्रधानाध्यापक कुलप्रसाद लामिछानेले शिक्षक, कर्मचारी, अभिभावक तथा विद्यार्थीमा मानवीय सेवा भावको विकास गर्न यसले मद्दत गर्ने उल्लेख गरे ।

रक्तदाताहरुलाई नेपाल रेडक्रस सोसाइटी रुपन्देहीका महामन्त्री टेकबहादुर थापा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शरद भट्टराईले सहभागिताको प्रमाणपत्र वितरण गरेका थिए ।

यसैबिच, शान्ति नमूनाले वार्षिकोत्सव तथा अभिभावक दिवसको मुल समारोह माघ ९ गते गर्ने भएको छ ।

कार्यक्रममा छात्रवृत्ति वितरण, शिक्षक तथा कर्मचारी सम्मान, पत्रकार सम्मान, नानी मुखपत्रको विमोचन, पुरस्कार वितरण, सांस्कृतिक प्रस्तुतिलगायतका कार्यक्रम गरिने विद्यालयका सूचना संयोजक दिनेश खड्काले जानकारी दिए ।

**सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं ।**

**सार्वजनिक निकायले,**

- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्दछ ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना मोवाइल नं. र तस्विर सबैले देखे गरी कार्यालयमा र वेब साइटमा राख्नु पर्दछ ।
- कसैले सूचना मागे कानून बमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ ।

**नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

**Krishnanagar manicipality**

**Office of Municipal Executive**

**Krishnanagar , Kapilvastu**

**Lumbini Province**

## Invitation for online Bids

Date of first publication : 2082-10-08 (22th Jan , 2026)

The krishnanagar Municipality, Office of the Municipal Executive, krishnanagar kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web side www.hhtp://bolptra.gov.npfor the brief description with public entity name: Office of Municipal Executive Krishnanagar, kapilvastu .

| S. N | Contract ID | Name of Projects | Estimated Amount (with VAT but without contingency) NRS | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date & Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/ NCB/ WORKS/ BLD-03/ 2082/ 083 | CONSTRUCTION OF SCHOOL BUILDING IN RASHTRIY MA.VI. HRIDYANAGAR | 86,85,249.09 | 1,95,000 | 3000 | 22-02-2026 12:00 | |

For. Chief Administrative Officer

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा

प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com